# सुदूरपश्चिम विश्वविद्यालय

**केन्द्रीय कार्यालय**
**महेन्द्रनगर, कञ्चनपुर**

प.सं. २०७७/०७८
च.नं.

मितिः २०७७।१०।१८

**विषयः एमफिल/पीएचडीका विद्यार्थीका लागि सूचना**

सुदूरपश्चिम विश्वविद्यालयले आह्वान गरेको एमफिल/पीएचडी कार्यक्रममा यहाँहरूले देखाउनु भएको उत्सुकता प्रति हामी कृतज्ञ छौं । सुदूरपश्चिम विश्वविद्यालयलाई उच्च शिक्षा अध्ययनका लागि विश्वास गर्नु भएकोमा विश्वविद्यालय परिवार यहाँहरूमा आभार प्रकट गर्दछ । प्रथम पटक प्रकाशित सूचना अनुसार लिखित परीक्षा सम्पन्न भएपश्चात् पनि यस कार्यक्रमप्रति धेरैको चासो रहेका कारण छूट हुन गएका आवेदकहरूका लागि दोस्रो पटक सूचना प्रकाशित भएको र दोस्रो पटक समेत उत्साहजनक सहभागिताबाट विश्वविद्याललाई थप हौसला मिलेको छ । प्रथम पटक प्रकाशित सूचनामा उल्लेखित तालिकामा संशोधन भएकोमा हामी क्षमाप्रार्थी छौं । प्रथम चरणको अन्तर्वार्ता समाप्त भइसकेको र दोस्रो चरणका लागि यही मिति २०७७ माघ १९ गते देखि अन्तर्वार्ताको तालिका रहेको जानकारी गराइन्छ । दुवै चरणको परीक्षाको नतिजा मिति २०७७ माघ २३ गते (05 February 2021) प्रकाशित गरिनेछ । तत्पश्चात् प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई भर्नाका लागि आह्वान गरिनेछ र अभिमुखीकरण सहित कक्षाहरू २०७७ फाल्गुन ०४ (16 February 2021) गतेदेखि संचालन हुनेछन् ।

..............................
(डा. गोविन्दसिंह विष्ट)
रजिष्ट्रार